# ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.

# को

## वाह्य ऋण नीति - २०७६

**१. प्रस्तावना :-**

संस्था संचालनको सिलसिलामा संस्थमा आवद्ध सदस्यहरुले गरेको बचत फिर्ता गर्न वा संस्थाका सदस्यबाट अधिक ऋण माग भैरहेको अवस्थामा संस्थासंग ऋण लगानी गर्न पर्याप्त तरलता नभएको बखत साथै संस्थामा भैपरि आउने अल्पकालिन आवश्यकतालाई परिपूर्ति गराई वित्तिय स्थिरता राख्ने उद्देश्यले संस्थाको मिति २०७६ भाद्र १४ गते सम्पन्न २० औं बार्षिक साधारण सभाले "वाह्य ऋण नीति -२०७६" तयार गरी लागु गरेको छ ।

**३. परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस 'वाह्य ऋण नीति -२०७६' मा :

१. 'संस्था' भन्नाले ब्राइट बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई सम्झनुपर्दछ ।
२. 'समिति' भन्नाले संस्थाको संचालक समितिलाई सम्झनुपर्दछ ।
३. 'वाह्य ऋण नीति' भन्नाले यो "वाह्य ऋण नीति -२०७६" लाई जनाउने छ ।
४. 'व्यवस्थापन प्रमुख' भन्नाले संस्थाको व्यवस्थापनको प्रमुख वा प्रमुखका रुपमा कार्यरत कर्मचारीलाई जनाउने छ ।
५. 'संचालक' भन्नाले संस्थाको संचालक समितिको पदाधिकारी तथा सदस्यहरुलाई जनाउने छ ।
६. 'सापटी' भन्नाले वाह्य ऋणलाई सम्झनुपर्दछ ।

**४. सापटी लिनु पर्ने अवस्थाहरु**

१. संस्थाको कूल सम्पत्तिमा कायम हुनु पर्ने न्यूनतम तरलता कायम कुन नसकेमा वा तत्कालै तरलता कायम गर्न सक्ने अवस्था नभएमा ।
२. सदस्यहरुबाट अत्याधिक ऋण माग भै संस्थाबाट व्यवसायिक प्रकृतीका ऋणहरु लगानी गर्न असमर्थ भएको अवस्थामा
३. बचत परिचालनबाट मात्र सदस्यहरुको आवश्यकता पूर्ति हुने अवस्था नदेखिएमा
४. सदस्यहरुको अल्पकालिन ऋणमागको आवश्यकता पूरा गर्न

**५. सापटीको प्रस्ताव**

ऋण लिनुपर्ने आवश्यकता देखिएमा व्यवस्थापन प्रमुखले समितिको वैठकमा के, कति र कहाँबाट ऋण लिनु उपयुक्त हुन्छ सिफारीश सहित प्रस्ताव पेश गर्नुपर्नेछ ।

**६. सापटीको लागि निर्णय गर्ने अधिकार**

संस्थामा आवश्यक रकमको मात्रा हेरेर वाह्य ऋण सापटीको लागि सञ्चालक समितिमा निर्णय गर्ने अधिकार रहनेछ ।

**७. ऋणको सिमा :**

संस्थालाई जतिसुकै रकम आवश्यक भएता पनि सापटी लिईने ऋण रकम संस्थाको तत्कालिन अवस्थामा कुल सम्पत्तिको ५% ननाघ्ने गरी तोकिनेछ । यदि सोभन्दा बढी ऋण लिनुपर्ने अवस्था आएमा ६ महिनाभित्र पर्ल्स मापदण्ड कायम गर्ने गरी योजना बनाईनेछ ।

**८. प्रतिनिधी चयन**

ऋण लिने प्रक्रिया अगाडी बढाई ऋण प्राप्त गर्नको लागि सम्पूर्ण जिम्मेवारी तथा अख्तियार ब्यवस्थापन प्रमुखलाई हुनेछ । ऋण प्रदान गर्ने निकायले माग गरेमा आवश्यकता अनुसार अध्यक्ष, कोषाध्यक्ष र सचिवलाई प्रतिनिधीको रुपमा चयन गरिनेछ ।

**९. ऋण माग गर्ने निकायहरु :**

संस्थालाई ऋण माग भएको अवस्थामा देहाय बमोजिमका निकायहरुमा ऋण माग गर्न सकिनेछ ।

५. काठमाण्डौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि.
६. जिल्ला सहकरी संघ लि., काठमाण्डौं
७. नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफस्कून)
८. राष्ट्रिय सहकारी बैंक लि
९. नेपाल राष्ट्र बैंक ग्रामिण स्वावलम्बन कोष
१०. लघुवित्त विकास बैंकहरु
११. विभिन्न उद्देश्यका सहकारी संस्थाहरु

**१०. सापटी गर्दा प्राथमिकता :**

१२. ब्याजदरः सापटी प्रदान गर्ने निकायहरुमध्ये जसको ब्याजदर कम छ सो निकायलाई पहिलो प्राथमिकतामा राखिनेछ । ब्याजदर बराबर रहेको अवस्थामा प्रशासनिक सरलता, लागत कम हुने निकायलाई प्राथमिकतामा राखिनेछ ।

१३. शुल्कः सापटीमा लाग्ने सेवा शुल्क वा सोहि प्रकृतीको कुनैपनि शुल्क न्यूनतम लाग्ने निकायलाई सापटी लिदाँ प्राथमिकतामा राखिनेछ ।

१४. उपलब्धता : ऋण सापटीको लागि संस्थाको माग बमोजिमको अधिकतम रकम उपलब्ध गराउन सक्ने निकायलाई प्राथमिकतामा राखिनेछ ।

१५. सरलता : ऋण प्राप्त गर्न लाग्ने प्रक्रिया, पेश गर्नुपर्ने आवश्यक कागजातको सरलता र भुक्तानीमा सरलता हुने निकायलाई प्राथमिकतामा राखिनेछ ।

१६. समय : ऋण प्राप्त गर्न कम समय लाग्ने निकायलाई प्राथमिकतामा राखिनेछ ।

**११. सापटी लिनका लागि पेश गर्ने सुरक्षण**

सापटीको लागि संस्थाको नाममा रहेको संस्थाको आफ्नै अचल सम्पत्ति धितो सुरक्षण राखीनेछ । आवश्यकता अनुसार समितिका पदाधिकारी तथा धितो जमानत दिन तयार शेयर सदस्यहरुको नाममा रहेको अचल सम्पत्ति मञ्जुरी लिई धितो सुरक्षण स्वरुप राख्न सकिनेछ । साथै कुनै संघ/संस्थाले सञ्चालकको व्यक्तिगत जमानतमा समेत ऋण दिने भएमा संचालकको व्यक्तिगत जमानी उपलब्ध

गराइनेछ ।

## १२. सापटी रकमको प्रयोग

१७. सापटी रकमबाट संस्थाको न्यूनतम तरलता कायम गरिनेछ ।

१८. सापटी लिएर संस्थाको नकमाउने सम्पत्ति (जस्तैः जग्गा, भवन, सवारी साधान, फर्निचर, कार्यालय उपकरण आदि) मा लगानी गरिने छैन ।

१९. सापटी लिईएको रकम सकेसम्म अल्पकालिन ऋणहरुमा लगानी गरिनेछ ।

## १३. भुक्तानीः-

२०. ऋण सापटी प्राप्त गरिएको निकायसंग भएको सम्झौता अनुसार नै ऋण भुक्तानी गरिनेछ । काबुबाहिरको परिस्थिती परेमा वा ऋण लगानी गरिएका सदस्यहरुबाट असामान्य अवस्था जस्तैः भुकम्प, महामारी, बाढीपहिरो आगलागि वा राष्ट्रिय संकटका कारणले किस्ता नाघेमा उक्त समयमा आँशिक किस्ता तथा व्याज भुक्तानी गर्न सकिनेछ ।

२१. संस्थाको तरलतामा वृद्धि भएर सामान्य अवस्थामा आईसके पश्चात सम्पुर्ण ऋणको साँवा ब्याज भुक्तानी गर्न सकिनेछ । संस्थागत अवस्थाको विश्लेषण गरी ब्यवस्थापन प्रमुखले भुक्तानीको निर्णय गर्न सक्नेछ ।

## १४. अनुगमनः-

२२. प्राप्त सापटी रकमको लगानी विवरण र सदुपयोगिताको बारेमा संस्थाको ऋण शाखाले समय समयमा माथिल्ला निकायलाई प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२३. प्राप्त प्रतिवेदनको आधारमा ब्यवस्थापन प्रमुख, ऋण उपसमिति र संचालक समितिले ऋण सदुपयोगिताको निरिक्षण र मूल्याँकन समय समयमा गर्नुपर्नेछ ।

## १५. बाधा अड्काउ फुकाउने र व्याख्या गर्ने अधिकार :-

यस नीतिको कार्यान्वयन गर्ने क्रममा कुनै किसिमको द्विविधा वा वाधा अड्काउ आइपरेमा सोको व्याख्या गर्ने र वाधा अडकाउ फुकाउने अन्तिम अधिकार समितिलाई हुनेछ ।

## १६. बचाऊ :-

वाह्य ऋण सापटीका सम्बन्धमा यस नीतिले नसमेटेका कुराहरुमा समितिले निर्णय गरी लागु गर्न सक्नेछ । कुनै दफा वा उपदफा कुनै ऐन, नियमावली र नीति नियमसंग बाझिन गएमा बाझिएको हकमा उक्त दफा स्वत निष्कृय हुनेछ ।